Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/18**

**2 0 1 8**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×10=10

(क) ''हाम्रो कार्य—विश्वका सबै मानिसहरू दाजु-भाइ हुन् भन्ने सिद्धान्त।''

माथिको वाक्य कुन पाठमा पाइन्छ?

*(i)* 'गुन्द्रुकको पुकार'

*(ii)* 'हाम्रो इ्याउरे'

*(iii)* 'नेपाली हाम्रो मातृभाषा'

*(iv)* 'आधुनिक शिक्षक'

(ख) 'आधुनिक शिक्षक' निबन्धका निबन्धकार को हुन्?

*(i)* बालकृष्ण सम

*(ii)* पुष्कर शमशेर

*(iii)* पारसमणि प्रधान

*(iv)* इन्द्र राई

(ग) *A Grammar of the Nepali Language* लेख ऐटन साहेबले कुन सालमा लेखेका हुन्?

*(i)* सन् 1820

*(ii)* सन् 1821

*(iii)* सन् 1822

*(iv)* सन् 1823

(घ) समय-असमयमा अर्कालाई उपदेश र सल्लाह दिइरहने व्यक्ति को हो?

*(i)* पुष्पराज

*(ii)* रामचन्द्र

*(iii)* कृष्ण राय

*(iv)* गोविन्द पण्डित

(ङ) चतुरेमा कसरी अन्धविश्वास हट्यो र आत्मविश्वास बढ्यो?

*(i)* समाजमा बसेर

*(ii)* आमाको शिक्षाले

*(iii)* अङ्ग्रेजी पढेर

*(iv)* बनारस गएर

(च) दानवले धारको वर्षा गर्दा दशरथले केको वर्षा गरे?

*(i)* हिलो

*(ii)* घाउ

*(iii)* विष

*(iv)* खिया

(छ) गौंथली कसको घरमा बिहे हेर्न गएकी थिई?

*(i)* जुठे दमैको घरमा

*(ii)* कोकलेको घरमा

*(iii)* धनवीरको घरमा

*(iv)* लेखकको घरमा

(ज) ‘‘छ मैना भयो खसम हजूर। गएको ह्लासामा,
बिर्स्यौ पो क्यार? हजूरलाई तरुणी-खासामा।’’

माथिको पङ्क्ति कसले भनेको हो?

*(i)* मुना

*(ii)* नैनी

*(iii)* भोटे

*(iv)* मदन

(झ) ‘मुकुन्द-इन्दिरा’ नाटकमा कति अङ्क छन्?

*(i)* द्वितीय अङ्क

*(ii)* तृतीय अङ्क

*(iii)* चतुर्थ अङ्क

*(iv)* पञ्चम अङ्क

(ञ) इन्दिराले 'रामायण'-को कुन काण्डको पाठ गर्ने गर्थिन्?

*(i)* बालकाण्ड

*(ii)* सुन्दरकाण्ड

*(iii)* युद्धकाण्ड

*(iv)* उत्तरकाण्ड

**2.** कोष्ठभित्रका उचित शब्द छानेर रित्तो ठाउँ पूर्ण गर : 1×5=5

(क) ______ यस्तो भुँवरीभित्र किन हो ______? ( पसेको / पैसाको )

(ख) यदि ______ छ उहाँलाई भने सब संसारलाई ______ छ।
( सश्चो / सश्चै )

(ग) प्रहारकर्ताले ______ प्रहार गरेको हो कि ______ यो छुट्ट्याउन गाहारो थियो। ( भित्तामाथि / तिनीमाथि )

(घ) आफ्नो ______ यद्यपि ______ बल उसमा छ।
( हालतमाथि / हाँसिदिने )

(ङ) हाम्रो नेपालको ______ हामी नेपालीको ______ छ।
( हातैमा / भाग्य )

**3.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) मदन चालीस दिनमा आफ्नो घर फर्क्यो।

(ख) कृष्ण रायमाथि नोकरले लट्ठीको प्रहार गर्‍यो।

(ग) मुकुन्द एउटा शिक्षित व्यक्ति हो।

(घ) हरिवंशमा खसको उल्लेख गरिएको छैन।

(ङ) नजानेको कुरा आजको हाम्रो शिक्षकले केही छँदै छैन।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका प्रश्नको *4/5* वाक्यमा उत्तर लेख (कुनै **पाँचवटा**) : 3×5=15

(क) मदनको कसरी मृत्यु भयो?

(ख) भवदेव कसरी मुकुन्दलाई घर फर्काउन सफल भए?

(ग) कृष्ण रायले कसरी आफ्नो शत्रु रहेछ भन्ने चाल पाउँछन्?

(घ) मदनले किन भोटेलाई सुनको थैलो दिन चाहन्छन्? त्यो थैलो देखेर भोटेले के भने?

(ङ) 'लोग्ने' कथामा साहिंलीलाई मननपरेको व्यक्तिसँग किन बिहे गर्नु पर्‍यो?

(च) ''सबैभन्दा कमजोरी, आफूलाई माया नगर्ने छोराछोरीको माया गर्नु।'' —यो वाक्य कसले, कसलाई र किन भनेको हो?

(छ) आधुनिक शिक्षक कस्ता हुन्छन्?

**5.** (क) तलका शब्दको लिङ्ग परिवर्तन गर : 2

फुपू ; मीत ; विद्वान् ; गायक।

(ख) तलका शब्दको वचन बद्ल : 2

पोको ; छानु ; सज्जन ; भाइ।

(ग) धातु र प्रत्यय छुट्ट्याऊ : 2

सुताहा ; पोलाहा।

(घ) उपसर्ग छुट्ट्याऊ : 2

दुर्लभ ; सहपाठी ; निर्वाह ; दुस्तर।

(ङ) विपरीत शब्द बनाऊ : 2

मिलन ; मान ; किन्छ ; मलिलो।

(च) पर्यायवाची शब्द लेख : 2

चलाख ; प्रयास ; वन ; वायु।

(छ) तलका उखानका अर्थ लेख : 1×3=3

*(i)* लहरो तान्दा पहरो गर्जन्छ।

*(ii)* अचानाको पीर खुकुरीले जान्दैन।

*(iii)* एकहोरो रोटी पाक्तैन।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 5+5=10

(क) उहाँ त दुबलो नीलो रोगी जस्तो असाध्य नै हुनुहुन्थ्यो, तपाईं त गोरो, मोटो, उतातिर हावापानी मिली यस्तै उहाँलाई समेत के फाइदा नै भएको छ कि उस्तै हो?

**अथवा**

यो घाँटी सुक्यो; यो छाती पोल्यो; यो आँसु पुछन,
अझ छ सास, अझ छ आस, यो दर्द बुझन।
आशिष देलिन् ती बूढी आमा मलाई।
मानिसको आँसु मानिसले पुछ्नु सबैको धर्म हो।

(ख) आफुले जूठो चूलो नगरे भोकै बस्नुपर्छ। यस्तो छुसी जिन्दगी बिताउनुभन्दा खरानी घसेर हिंड्नु जाती। तर खरानी घसेर पो के गर्नु! दश घरको कुकुर नभुकाई खान पाइँदैन।

**अथवा**

यसो हुँदा सरकारी कागज-पत्र यसै भाषामा लेखिन थाल्यो। राज्यका समस्त प्रजाले यसलाई जान्नैपर्‍यो। सबै जातका शब्दहरू यसमा थपिए, मिसिए अनि ता हुँदा हुँदा यो भाषा विशाल हुँदै आयो।

**7.** रुद्रराज पाण्डेयको निबन्ध 'गुन्द्रुकको पुकार'-मा गुन्द्रुकले गरेको गुनासोबारे वर्णन गर। 5

**अथवा**

'आधुनिक शिक्षक' निबन्धमा निबन्धकारले कसरी आधुनिक शिक्षकको चरित्र छर्लङ्ग पारेका छन्? बुझाएर लेख।

**8.** मदनको चरित्र चित्रण गर। 5

**अथवा**

मदन ल्हासाबाट घर फर्कंदा घरको अवस्था कस्तो थियो? विस्तारमा लेख।

**9.** 'मुकुन्द-इन्दिरा' नाटकको कथावस्तु सङ्क्षेपमा लेख। 5

**अथवा**

मुकुन्दको चरित्र चित्रण गर।

**10.** 'कैकेयी' कथामा दशरथले कसरी देवताहरूलाई सहयोग पुर्‍याएका छन्? स्पष्ट पार। 5

**अथवा**

''दुनियाँमा कोही पनि हितु हुँदैनन् सबै वैरी नै हुन्छन्।'' —यो वाक्य कसले किन भनेको हो? कथाको आधारमा लेख।

**11.** दार्जीलिङमा बस्ने तिम्रा मामालाई त्यहाँको हालखबर के-कस्तो छ, त्यसबारे सोध्दै एउटा व्यक्तिगत पत्र लेख। 5

**12.** कुनै **एउटा** विषय छानेर निबन्ध लेख : 10

(क) तिमी बस्ने प्रान्त

(ख) नारी शिक्षा

(ग) एक स्मरणीय दिनको वर्णन

(घ) समयको सदुपयोग

**13.** तलको अनुच्छेदको शीर्षक दिँदै सारांश लेख : 5

लोक संस्कृतिभित्र पर्ने मुख्य विधाहरू हुन् लोक सङ्गीत यसमा आउँछन्, लोक गीत, नाँच र बाजाहरू। लोकभाषा तथा जन साधारणले बोल्ने बोली। फेरि आउँछन् हाम्रा लोक कथा, उखान टुक्काहरू। यसैलाई हामी लोक साहित्य तथा जन भाषामा पाइने साहित्यिक तत्त्वहरू मान्छौं। त्यस पछि सभ्यतासित गाभिएर द्वितीय पङ्क्तिमा आउँछन् लोक पहिरन, दैनिक रहन-सहन, धार्मिक रीति-रिवाज, जनमानसका बौद्धिक स्तर आदि। यसमाथि हाम्रा ज्ञानेन्द्रियहरू पनि आफ्नै लोक परिपाटीमा ढालिएका र साधिएका जस्ता छन्। किनभने संसारको कुनै कुरामा पुगे तापनि नेपाली मात्रलाई गुन्द्रुक र सिन्कीको झोल अनि विविध जातीय अचारको चटकालो स्वाद उसले भूल्न सक्तैन।

★★★